द.नं.: ९०/०६१/६२
स्थायी लेखा नं. : ३०१८९२६२३

'दिगो सहकारी विकासका लागि संघ'

आबद्धता

NEFSCUN

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
# Bhaktapur District Saving & Credit Co-operative Union Ltd.

पत्र संख्या: २०८३/०८४ मिति: २०८३/०३/१७
चलानी नम्बर: ७४९ ने.सं.११४६ तछलागा प्रतिपदा

श्री अध्यक्ष ज्यू,
संघमा आबद्ध बचत तथा ऋण सहकारी संस्थाहरू
भक्तपुर ।

**विषय: बाल सदस्य निबन्ध प्रतियोगितामा सहभागिताका लागि अनुरोध ।**

प्रस्तुत विषयमा यस संघको आ. व. २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार आबद्ध सहकारी संस्थाहरूमा रहेका बाल सदस्यहरूको बौद्धिक क्षमता विकास र सहकारी प्रतिको चासो बढाउने उद्देश्यले देहाय बमोजिम "महिला सशक्तिकरणमा सहकारीको भूमिका" विषयक निबन्ध प्रतियोगिता आयोजना गर्न लागिएको व्यहोरा जानकारी गराउँदछौं ।

सहकारी अभियानमा भविष्यका कर्णधार मानिने बाल सदस्यहरूको क्षमता प्रस्फुटन गराउन यहाँको संस्थामा आबद्ध तोकिएको मापदण्ड भित्र पर्ने छात्र/छात्राहरूलाई यस प्रतियोगितामा सहभागी गराई बाल सदस्यहरूको उत्साह बढाइदिनु हुन हार्दिक अनुरोध गरिन्छ । प्रतियोगिताको विस्तृत नियम, मापदण्ड, मूल्याङ्कनका आधारहरू र पुरस्कार विवरण यसै पत्रको पृष्ठ २ मा संलग्न गरिएको छ ।

**प्रतियोगिताको संक्षिप्त विवरण:**
मिति: २०८३ असार २७ गते शनिबार
समय: विहान ८:०० बजे (सहभागीहरू विहान७:४५ बजे नै उपस्थित भइसक्नुपर्नेछ ।)
स्थान: भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को कार्यालय, इतबुँ, भक्तपुर
निबन्धको विषय: "महिला सशक्तिकरणमा सहकारीको भूमिका"
लक्षित सहभागीहरू: कक्षा ९ र १० मा अध्ययनरत संघमा आबद्ध संस्थाका बाल सदस्यहरू
दर्ता शुल्क: रु. ३००।- (प्रति सहभागी)
अन्तिम नाम दर्ता मिति: २०८३ असार २५ गते कार्यालय समयभित्र ।

सहकारी अभियानमा यहाँहरूको निरन्तर साथ र सहयोगको अपेक्षासहित सहकारी अभिवादन ।

..................
बालकृष्ण श्रेजू
प्रमुख कार्यकारी अधिकृत

Head Office : Suryabinayak-8, Bhaktapur
Tel : 01-6614305, 6614605 E-mail:bktsaccu@gmail.com
Service Centre : Thimi-6, Bhaktapur
Tel : 01-6630868, E-mail:bktsaccuthimi@gmail.com
www.bhaktapurdcu.coop.np

## भाग २:

## प्रतियोगिताका नियम, मापदण्ड तथा पुरस्कार

१. सहभागिताको योग्यता तथा मापदण्ड: प्रतियोगितामा संघमा आबद्ध सहकारी संस्थाका बालसदस्यहरू ( हाल कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थी) मात्र सहभागी हुन पाउनेछन् । सहभागी हुन आउने विद्यार्थीले आफ्नो विद्यालयको विद्यार्थी परिचयपत्र(ID Card) वा आबद्ध सहकारी संस्थाको आधिकारिक सिफारिस पत्र/बाल बचत पासबुकको प्रतिलिपि अनिवार्य रूपमा साथमा ल्याउनुपर्नेछ ।

२. भाषा र माध्यम: निबन्ध नेपाली भाषामा र थपिएको उत्तरपुस्तिकामा हस्तलिखित हुनुपर्नेछ । लेखनका लागि आवश्यक कागज (Answer Sheet) संघको तर्फबाट उपलब्ध गराइनेछ भने कलम र क्लिपबोर्ड सहभागी आफैँले ल्याउनुपर्नेछ ।

३. समय सीमा: निबन्ध लेखनका लागि कुल १ घण्टा ३० मिनेट (९० मिनेट) को समय दिइनेछ ।

४.शब्द सीमा: निबन्ध कम्तीमा ५०० देखि बढीमा १००० शब्दसम्मको हुनुपर्नेछ । तोकिएको शब्द सीमा भन्दा कम वा बढी भएमा अंककट्टी गरिनेछ ।

५. मर्यादा र अनुशासन: प्रतियोगिता हलभित्र मोबाइल फोन, स्मार्ट वाच, पुस्तक, चिट वा कुनै पनि डिजिटल उपकरणहरू लैजान पूर्ण निषेध गरिएको छ । अमर्यादित कार्य वा नक्कल गरेको पाइएमा प्रतियोगीलाई तत्काल निष्कासन गरिनेछ ।

६. मूल्याङ्कनका आधारहरू (कुल पूर्णाङ्क: १००):

क) विषयवस्तुको ज्ञान र सान्दर्भिकता (३० अंक):विषय केन्द्रित, गहिरो बुझाइ र सहकारीको सिद्धान्त पक्ष ।

ख) मौलिकता र रचनात्मकता (२५ अंक): आफ्नो मौलिक विचार, वर्तमान उदाहरण र नयाँ दृष्टिकोण ।

ग) भाषा, व्याकरण र शुद्धता (२० अंक): शुद्ध वाक्य गठन, शुद्ध वर्तनी (ह्रस्व/दीर्घ) र विराम चिन्हको सही प्रयोग ।

घ) संरचना र प्रस्तुति (१५ अंक): आकर्षक सुरुवात (परिचय), बुँदागत विश्लेषण र तार्किक निष्कर्षको तालमेल ।

ङ) हस्तलेखन र सफाइ (१० अंक): स्पष्ट, बुझिने र केरमेट रहित अक्षर ।

७. पुरस्कार तथा सम्मानको व्यवस्था:
प्रतिस्पर्धालाई थप उत्साहजनक बनाउन प्रथम, द्वितीय, तृतीय हुनेलाई आकर्षक पुरस्कार सहीत प्रमाणपत्र र सहभागी हुने सम्पूर्ण बाल सदस्यहरुलाई लाई 'सहभागिताको प्रमाणपत्र' प्रदान गरिनेछ ।

८. नतिजा प्रकाशन तथा पुरस्कार वितरण: प्रतियोगिताको नतिजा आन्तरिक मूल्याङ्कन समितिद्वारा तय गरी आगामी २०८३ श्रावण १५ गते संघको आधिकारिक सूचना पाटी तथा फेसबुक पेज मार्फत प्रकाशन गरिनेछ । विजयी सहभागीहरूलाई संघको आगामी विशेष कार्यक्रम/समारोहका बीच पुरस्कृत गरिनेछ ।

९. सम्पर्क र समन्वय: नामदर्ता वा अन्य थप जानकारीका लागि संघको कार्यालय वा देहायका जिम्मेवार अधिकारीसँग सम्पर्क गर्न सकिनेछ ।

१०.सम्पर्क व्यक्ति: प्रशासन सहायक रोकेश जोशी, फोन नम्बर ०१६६१४३०५/०१६६१४६०५ मोबाइल नं: ९७६७२३७९८८, ईमेल: bktsaccu@gmail.com, website: www.bhaktapurdcu.coop.np




